**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पूर्व रेल मंत्री एवं टि एम सी का वरिष्ठ नेता मुकुल रॉयको 71 वर्षको उमेरमा निधन भएको छ।

- सर्वोच्च न्यायालयको निर्देशपछि निर्वाचन आयोगले पश्चिम बंगालमा एसआईआर प्रक्रियासित संबंधित सुनवाईको लागि न्यायिक अधिकारिहरुलाई प्रशिक्षण दिने पहल गरेको छ।

- मुख्यमन्त्री रेखा गुप्ताले 'पश्चिम बंगालको वर्तमान सरकारको तुष्टीकरण र कुशासनले यहाँका महिलाहरूको विश्वास टुटेको बताउनु भएको छ।

- दार्जीलिङ हिमालयन रेलवेले 3 मार्चमा महारानी ग्रेट एस्केपको उद्घाटन गर्ने भएको छ।

- जयगाउँबाट विभिन्न पत्र पत्रिका साथै समाचार च्यानल र पोर्टलहरुसित संलग्न रहेर निर्भिक रुपमा पत्रकारिता गरिरहेका पत्रकार राजेश शर्माको निधन भएको छ|

**मुकुल रॉयको निधन**

पूर्व रेल मंत्री एवं टि एम सी का वरिष्ठ नेता मुकुल रॉयको 71 वर्षको उमेरमा निधन भएको छ। उहाँले हिज राति लगभग 1 बजेर 30 मिनटमा अन्तिम सांस लिए |पारिवारिक सुत्रहरुले बताए अनुसार स्वर्गीय मुकुल राय कयौ स्वास्थ्य सम्बन्धि समस्याहरुबाट जुझी रहेका थिए |टि एम सी को स्थापना पछि उहाँ धेरै समयसम्म मुख्यमन्त्री ममता व्यनार्जीको साथ काम गर्दै पार्टीका महासचिव पनि बनेका थिए |पछि उहाँ दिल्लीमा टि एम सीका एक लोकप्रिय नेता को रुपमा उभ्रिएका थिए |साल २००६ मा उहाँ राज्यसभाका लागि चुनिएका थिए भने साल २००९ देखि २०१२ सम्म उच्च सदनमा पार्टीका नेता रहेका थिए |स्वर्गीय रोयले आफ्नो राजनीतिक करियरको शुरुवात बंगाल मा युथ कांग्रेसबाट गरेका थिए|

**पश्चिम बंगाल-एसआईआर**

सर्वोच्च न्यायालयको निर्देशपछि निर्वाचन आयोगले पश्चिम बंगालमा एसआईआर प्रक्रियासित संबंधित सुनवाईको लागि न्यायिक अधिकारिहरुलाई प्रशिक्षण दिने पहल गरेको छ। यसै सिलसिलामा हिजदेखि कोलकाता र विभिन्न जिल्लाहरूमा प्रशिक्षण र तयारी बैठकहरू आयोजित गरिएको छ।
राज्यका मुख्य निर्वाचन अधिकारी कार्यालयका प्रतिनिधिहरुले प्रभारी न्यायिक अधिकारिहरुको साथ कोलकाता उत्तरमा समीक्षा बैठक गरेका छन् ।
बैठकमा आयोगका विशेष रोल पर्यवेक्षक पनि उपस्थित रहेका थिए।

**दिल्ली- रेखा गुप्ता बंगाल**

मुख्यमंत्री रेखा गुप्ताले हिज कोलकातामा भारतीय जनता पार्टी द्वारा आयोजित महिला सम्मेलनमा बंगाल

की महिलाहरुसित  संवाद गर्नु भयो। एक सोशल मीडिया पोस्टमा  श्रीमती गुप्ताले भन्नु भयो कि 'पश्चिम बंगालको वर्तमान सरकारको तुष्टीकरण र कुशासनले यहाँका महिलाहरूको विश्वास टुटेको छ। उहाँले अन्याय र असुरक्षाका विरुद्ध बंगालको महिला शक्ति आफ्नो अधिकार र सम्मानका लागि भारतीय जनता पार्टीसँग दृढतापूर्वक उभिएको बताउनु भयो । यस अवसरमा केन्द्रीय महिला एवम् बाल विकास मन्त्री श्रीमती अन्नपूर्णा देवी पनि उपस्थितरहेकी थिइन्।

**बाइट - रेखा गुप्ता**

भाजपा नेता र केंद्रीय मंत्री अन्नपूर्णा देवीले  पश्चिम बंगालमा  महिलाहरुको  सुरक्षा सुनिश्चित गर्नका लागि भाजपा सरकार  गठन गर्ने  आह्वान गर्नु भयो। कोलकातामा  एक महिला सम्मेलनलाई  संबोधित गर्नु हुदै  उहाँले चिंता व्यक्त गर्नु भयो  कि एक महिला मुख्यमन्त्री भएता  पनि राज्यमा महिला सुरक्षासँग सम्बन्धित स्थिति राष्ट्रिय बहसको विषय बनेको छ, जुन सन्देशखली र आरजी करको घटनाले उजागर गरेको छ। केन्द्रीय मन्त्रीले आरोप लगाउनु भयो  कि राज्यमा अत्याचारको शिकार भएका महिलाहरूले प्राय: न्याय पाउँदैनन्। उहाँले  राज्य सरकारले द्रुत विशेष अदालत र महिला हेल्पलाइन जस्ता केन्द्रका पहलहरू कार्यान्वयन गर्न असफल भएको दाबी गर्नु भयो । श्रीमती अन्नपूर्णा देवीले भन्नु भयो कि राज्यमा सबैभन्दा बढी एसिड आक्रमण हुने गरेको छ । केन्द्रीय मन्त्रीले राज्य प्रशासनले अपराधीहरूलाई कथित रूपमा संरक्षण गरेकोमा मौन बसेको आरोप लगाउनु भयो। प्रधानमन्त्रीको दृष्टिकोणलाई राज्यको कथित भ्रष्टाचार र कुशासनसँग तुलना गर्नु हुदै   केन्द्रीय मन्त्रीले भन्नु भयो  कि मुख्यमन्त्रीले जनताको सेवा गर्नुको सट्टा राष्ट्र विरोधी तत्वहरूलाई संरक्षण गर्न प्राथमिकता दिएकी  छन्।

**<u>दार्जिलिंग हिमालयन रेलवे</u>**

दार्जीलिङ हिमालयन रेलवेले 3 मार्चमा महारानी ग्रेट एस्केपको उद्घाटन गर्ने भएको छ। यो  ट्रेन दार्जिलिंगदेखि  सुकनासम्म चल्नेछ। दार्जिलिंग हिमालयन रेलवेका  निदेशक ऋषभ चौधरीले  आकाशवाणी समाचार, खरसांगसंग  बात गर्नु हुदै यस  टॉय ट्रेनको  ऐतिहासिक महत्वमाथि  प्रकाश पार्नुभयो। उहाँले  बताउनु भयो कूचबिहार की रानी इंदिरा देवीले 1920 मा  दार्जिलिंगको भ्रमण गर्नु भएको थियो।उहाँले  पूर्णिमाको  रात दार्जिलिंगदेखि  सिलीगुड़ीसम्म  टॉय ट्रेनमा  रात्रि भ्रमण गर्नु भएको थियो। त्यसै  ऐतिहासिक दिनको स्मरणमा , यो टॉय ट्रेन केवल पूर्णिमाको  रातनै चल्नेछ। दार्जिलिंगदेखि  शुरू भएर यो  ट्रेन भारतको सबै भन्दा उच्च  रेलवे स्टेशन घूम, सोनादा, खर्सांग, तीनधारिया, रोंगटोंग र सुकना हुदै  गुलमासम्म चल्नेछ। श्री चौधरीले अघि  बताउनु भयो  कि ट्रेनको  बुकिंग मोबाइल नंबर 8 8 8 5 0 4 1 5 0 1 मा र  कॉल गरेर पनि गर्न  सकिनेछ।

**<u>दार्जिलिंग : युवा - दिल्ली भ्रमण</u>**

दार्जीलिङ पहाडबाट २० युवाहरुको एक प्रतिनिधिमंडल हिज  नयाँ दिल्ली आइपुगेको छ ।यसप्रतिनिधिमंडलको  नेतृत्व भारतका  पूर्व विदेश सचिव र दार्जिलिंगबाट  राज्यसभा सांसद हर्ष वर्धन श्रृंगलाले गरि रहेका छन्। आकाशवाणी समाचार खर्सांगसंग  बात गर्नु हुदै  श्री श्रृंगलाले भन्नु भयो  कि दार्जिलिंगका युवाहरुको यो भ्रमणले  राष्ट्रीय एकता र अखंडता, राष्ट्रवादको  भावना र समृद्ध भारतीय संस्कृति र विरासतको समझलाई  बढ़ावा दिनेछ। युवा प्रतिनिधिमंडलले  दिल्लीमा  संसद भवन, राष्ट्रपति भवन, संघ लोक सेवा आयोग भवन, पिपरहवा बुद्धको  अवशेष र अन्य ऐतिहासिक स्मारकहरुको  भ्रमण गर्नेछ। प्रतिनिधिमंडलमा शामेल युवाहरुले , उपराष्ट्रपति सी.पी. राधाकृष्णन र केंद्रीय मंत्रिहरुसित पनि बातचीत गर्नेछन्।

**द्वीप उत्सव र गंगा आरती का आयोजन**

हिज आइतबार महानन्दा नदीको किनारमा द्वीप महोत्सव र गंगा आरतीको आयोजना गरिएको छ। यो कार्यक्रम महानन्दा चेतना मञ्चको पहलमा आयोजना गरिएको थियो भने उक्त कार्यक्रममा नगरवासीको ठूलो संख्यामा उपस्थिति रहेको थियो। नदीलाई स्वच्छ र प्रदूषणमुक्त बनाउने सन्देश प्रवाह गर्ने उद्देश्यले संस्थाले विगत तीन वर्षदेखि यो कार्यक्रम आयोजना गर्दै आइरहेको छ।संस्थाका सचिव अशोक गोयलले महानन्दा नदीलाई 'गङ्गा' को दर्जा दिएर यसको संरक्षण र सरसफाइ गर्नु आफ्नो मुख्य उद्देश्य रहेको बताए। उनले भने कि महानन्दा नदी शहरको जीवन रेखा हो र यसलाई बचाउनु हामी सबैको जिम्मेवारी हो।हिज आइतबार बेलुकी घाटमा भजन र दीप प्रज्वलनसहित भव्य गंगा आरती गरिएको थियो।

**भाजपाले पहाडलाई झुक्याएको 20 वर्ष भयो, अब भाजपालाई झुक्याउनु पर्छ: अनित थापा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा (भागोप्रमो) टुंग सन्तमेरिज समष्टिको कर्मी सभा हिज मार्गरिट्स होपमा सम्पन्न भएको छ। यस कर्मी सभामा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रिय संस्थापक अध्यक्ष अनित थापा, महासचिव अमर लामा, उपाध्यक्ष प्रमोस्कर ब्लोन, खरसाङ पञ्चायत समितिकी सभापति अनु छेत्री लगायत अन्यहरू उपस्थित रहेका थिए।

कार्यक्रममा टुंग सन्त मेरिज समष्टि अन्तर्गत सिङ्गेल चियाबारीको सात नम्बर गाउँ क्षेत्रबाट लगभग 30 परिवार भागोप्रमोमा सामेल भएको बताइएको छ। सामेल हुनेहरुलाई पार्टी महासचिव अमर लामा लगायत अन्य नेतृत्वहरूले खदार्पण गरेर स्वागत जनाएका थिए।

कर्मी सभालाई सम्बोधन गर्दै केन्द्रिय संस्थापक अध्यक्ष एवं जीटीए प्रमुख अनित थापाले भने, 'पहाडले भाजपालाई भोट दिएर जिताएको 20 वर्ष भयो। तर, भाजपाले पहाडलाई झुक्याएको पनि 20 वर्ष भयो। जसरी भाजपाले 20 वर्षसम्म झुक्यायो, अब त्यसरी नै पहाडले भाजपालाई पनि झुक्याउनु पर्छ। टुंग सन्त मेरिज समष्टिले पनि झुक्याउनु पर्छ। नत्र हामी सदैव झुक्केको झुक्केकै भएर गन गन गर्दै बस्नु पर्नेछ।'अनित थापाले अघि भने, 'पहाडका तीनजना विधायकहरुले सरकार बनाउन सक्दैनन् र सरकार ढाल्न पनि सक्दैनन्, तर सरकारसित मिलेर काम गर्न सक्छन्। जनताको लागि विकास गर्न विधानसभामा जनताको आवाज उठाउन सक्छन। त्यसैले पहाडको लागि हाम्रा तीन जना विधायकहरुलाई भोट हाल्नु पर्छ।'

उनले भने, 'सांसदको भोटमा गोपाल लामालाई आफ्नै गाउँले पनि झुक्याए। गोपाल लामा जस्तो इमान्दार, शिक्षित, अनुभवी व्यक्तिलाई झुक्याए र हराए। तर, जसले भोट पाएर जितेर गए, उसले धन्यवादसम्म भन्न आएनन्। भाजपाले भोट पनि माग्दैन, धन्यवाद भन्नु पनि आउँदैन, तर पनि जित्छ। यसपाली तेस्तो हुनुहुँदैन।'

उनले भने, '86 सालदेखि नै बंगाल हाम्रो चिहान भन्ने चलन छ। तर, त्यो मानसिकता परिवर्तन गर्न आवश्यक छ। टुंग सन्तमेरिज समष्टि दार्जिलिङ जिल्लाम पर्छ अनि दार्जिलिङ बंगालभित्र पर्छ। हामी बंगालमा बस्छौँ, त्यस कारण म सरकारसित मिलेर काम गरेको हो। बंगालमा बसेपछि बंगालसित मिल्नुपर्छ। बंगालमा बसेर दिल्लीसित मिलेर हुँदैन। बिहार र असमसँग मिलेर हुँदैन।'

**पत्रकार राजेश शर्माको निधन**

पत्रकार राजेश शर्माको निधन भएको छ।मूल रुपले खर्साङ नजिक पि बी रोड निवाशी राजेश शर्मा लगभग दुई दशकदेखि भूटानको सिमाना जयगाउँमा बसोबास गर्दै आइरहेका थिए।जयगाउँबाट विभिन्न पत्र पत्रिका साथै समाचार च्यानल र पोर्टलहरुसित संलग्न रहेर तिनले निर्भिक रुपमा पत्रकारिता गरिरहेका थिए।बिगत केहि बर्ष अघि रोग्कोकरण तिनी गम्भीर रुपमा बिरामी भएका थिए भने उपचारपछि पुन स्वस्थ भएर जयगाउँ ,भुटान ,सिक्किम सहित दार्जिलिंग पहाडको विभिन्न राजनीतिक बिषय वस्तु एवम जनतासित जोडिएका बिषयलाई लिएर पत्रकारिता

गरिरहेका थिए | बिगत केहि दिन देखि तिनी सिलगडीको एउटा नरसिंग होममा उपचाराधिन थिए |हिज बिहान तिनको सिलगडीको उक्त नरसिंग होममा आकष्मिक निधन भएको थियो | तिनको निधनको खबर फैलिन साथ विभिन्न सामाजिक संजाल मार्फत विभिन्न संघ संस्था ,राजनीतिक दलका नेता ,पत्रकार अनि पत्रकारिता सित जोडिएका व्यक्ति व्यक्तित्वहरुद्वारा शोक व्यक्त गर्दै श्रन्धजली अर्पण गरिएको छ |

****** o ******